**मिति २०७४ चैत्र ७ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु**

१. अनुगमन तथा सुररिवेक्षण समिति गठन गर्ने सम्बन्धमा ।
२. नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन सम्बन्धमा ।
३. करका दर पुनरावलोकन कार्यदल गठन सम्बन्धमा ।
४. "घ" वर्गको नविकरण तथा इजाजत पत्रको दर्ता, नविकरण शुल्क सम्बन्धमा ।
५. बिमा रकम सम्बन्धमा ।
६. छाडा पशुचौपायाको रकम भुक्तानी सम्बन्धमा ।
७. ईलाका प्रहरी कार्यालय मालाखेतीको जुनियर प्रहरी अधिकृतको मेस निर्माण सम्बन्धमा ।
८. जिफन्टलाई सहयोग सम्बन्धमा ।
९. खानेपानीका योजना छनौट सम्बन्धमा ।
१०. नयाँ तथा पुराना सिंचाईका योजना छनौट सम्बन्धमा ।
११. प्रधानमन्त्री राष्ट्रिय महिला क्रिकेट प्रतियोगितालाई सहयोग सम्बन्धमा ।
१२. वडा स्तरिय मेलमिलाप समितिको खाजा खर्च सम्बन्धमा ।
१३. न्यायिक समितिमा कर्मचारी आवश्यकता सम्बन्धमा ।
१४. धार्मिक स्थान तथा मठ मन्दिरको पूर्वाधार निर्माणका योजना छनौट सम्बन्धमा ।
१५. ई-लाईब्रेरी संचालन सम्बन्धमा ।
१६. सामुदायिक पुस्तकालयलाई सहयोग सम्बन्धमा ।
१७. राष्ट्रिय लोक सांस्कृतीक संघलाई नाट्य कार्यशालाका लागी सहयोग सम्बन्धमा ।
१८. टिप्परको भाडा दर समायोजन र खाजा खर्च सम्बन्धमा ।
१९. इम्प्याक्ट नेपाललाई कार्यक्रम संचालनको अनुमती सम्बन्धमा ।
२०. शित भण्डार निर्माणमा सहयोग सम्बन्धमा ।
२१. अत्तरिया पार्क निर्माण तथा व्यवस्थापन सम्बन्धमा ।
२२. नगर प्रहरीलाई लुगा भत्ता सम्बन्धमा ।

**निर्णय नं. १ :**

नगरपालिकाबाट संचालित योजनाको लागत, परिमाण, समय सिमा र गुणस्तरियताको आधारमा अनुगमन गरि आवश्यक सल्लाह सुझाव दिनको लागी स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ( परिमार्जित) को दफा ६.२.१ बमोजिम उप-प्रमुखज्यूको संयोजकत्वमा देहाय बमोजिमको ५ (पाँच) सदस्यीय अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो । साथै उक्त समितिले बैठक तथा अनुगमन गर्दा सम्बन्धित वडाको वडा अध्यक्ष, आवश्यकता अनुसार कर्मचारी, पत्रकार र विज्ञ व्यक्तिलाई आमन्त्रित सदस्यका रुपमा बोलाउने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| क) | उप-प्रमुख श्री रत्ना कडायत | - | संयोजक |
| ख) | प्रमुख प्रशासकिय अधिकृत | - | सदस्य |
| ग) | कार्यपालिका सदस्य श्री चन्द दमाई | - | सदस्य |
| घ) | कार्यपालिका सदस्य श्री ईश्वरी देवी आचार्य | - | सदस्य |
| ङ) | शहरी पूर्वाधार विकास शाखा प्रमुख | - | सदस्य-सचिव |

**निर्णय नं. २ :**

नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षपणबाट तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ को बमोजिम निर्धारण भएको आयको प्रक्षेपण र वितरणको खाका र बजेट सिमामा आधारित भई नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ (१) बमोजिम देहायको बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| क) | उप-प्रमुख श्री रत्ना कडायत | - | संयोजक |
| ख) | प्रमुख प्रशासकिय अधिकृत | - | सदस्य |
| ग) | विषयगत क्षेत्र हेर्ने नगर कार्यपालिकाका सदस्यहरु (विषयगत संयोजक ६ जना) | - | सदस्य |
| घ) | शहरी पूर्वाधार विकास शाखा प्रमुख | - | सदस्य-सचिव |

**निर्णय नं. ३ :**

नगरपालिकाको नगर सभा तथा कार्यपालिकाको बैठकबाट पारित आन्तरिक करका दरहरुमा विवाद आएमा, दरहरु असमान्य भएमा, एक आपसमा बाझिएमा र वडा समिति तथा नागरिक समाजबाट प्राप्त सल्लाह सुझावको आधारमा स्थानीय राजश्व परामर्श समितिलाई मार्गप्रशस्त तथा सल्लाह सुझाव दिनको लागी देहाय बमोजिमको ५ (पाँच) सदस्यीय करका दर पुनरावलोकन कार्यदल गठन गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| क) | श्री कृष्ण राज जोशी, वडा अध्यक्ष २ नं. | - | संयोजक |
| ख) | श्री शर्मानन्द भट्ट, वडा अध्यक्ष १ नं. | - | सदस्य |
| ग) | श्री नरेश बहादुर अधिकारी, वडा अध्यक्ष ८ नं. | - | सदस्य |
| घ) | श्री भिम बहादुर खड्का, वडा अध्यक्ष १२ नं. | - | सदस्य |
| ङ) | श्री राजेश प्रसाद जोशी, राजश्व शाखा प्रमुख | - | सदस्य-सचिव |

**निर्णय नं. ४ :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (छ) १० अनुसार “घ” वर्गका निर्माण व्यवसायीहरुलाई नयाँ इजाजत पत्र जारी गर्ने, नविकरण गर्ने, खारेज गर्ने तथा प्रतिलिपी दिँदा देहाय बमोजिमको दर्ता, नविकर शुल्क लिने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| क) | “घ” वर्गको नयाँ इजाजत पत्र दस्तुर | - | रु. ५,०००।- |
| ख) | “घ” वर्गको नविकरण दस्तुर एक आर्थिक वर्ष | - | रु. ३,५००।- |
| ग) | “घ” वर्गको नविकरण विलम्ब शुल्क (प्रति वर्ष) | - | रु. १,०००।- |
| घ) | “घ” वर्गको नविकरण विलम्ब शुल्क (चैत्र महिना पछि प्रति वर्ष) | - | रु. ३,५००।- |
| ङ) | “घ” वर्गको इजाजत पत्र प्रतिलिपी | - | रु. ५००।- |
| च) | “घ” वर्गको इजाजत पत्रमा आवश्यक कागजात हेरी फर्मको नाम, किसिम, स्तर समान्य संसोधन शुल्क | - | रु. १,०००।- |

**निर्णय नं. ५ :**

गोदावरी नगरपालिकाको मिति २०७४ माघ २ गतेका दिन से. १ ग. ९७ नम्बरको टिप्पर यस न.पा.को वडा नं. १० मा ग्राभेल गर्ने कार्यका लागी गएकोमा फर्किदा कृष्णपुर न.पा. ५, रैकवार विचवा कञ्चनपुरकी अन्दाजी ७६ वर्षकी चन्द्रा पार्कीलाई ठक्कर दिई उपचारका क्रममा मृत्यु भएकोमा यसरी सवारी साधनको ठक्करबाट मृत्यु भएको अवस्थामा तेश्रो पक्ष विमा अन्तर्गत विमाबाट रकम उपलब्ध हुनुपर्नेमा ठक्कर दिने सवारी साधनको विमाको नविकरण समयमै नभएका कारण विमा रकममा दावी नपुगेको हुनाले निजका परिवारलाई क्षतीपुर्ति वापत, क्रिया खर्च वापत र सो कार्यमा कार्यालयबाट भएको खर्च समेत गरि रु. ५ लाख ३५ हजार नगरप्रमुख राहत कोष शिर्षकबाट विनियोजन गर्ने र कार्यालयले नियमानुर लाग्ने कर र खर्च कटाई विभिन्न पक्षहरुको रोहवरमा सम्बन्धित पक्षलाई क्षतीपूर्ति दिने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

गोदावरी नगरपालिका भित्र विभिन्न स्थानहरुमा रहेका छाडा पशु चौपायाहरुले नगरवासीहरुको खेतीवालीमा नोक्सानी पुर्‍याइ रहेको र छाडा गाईबस्तुका सवारी दुर्घटनाहरु निम्याई रहेकोमा सोको व्यवस्थापनका लागी

स्वामीकार्तिक गा.पा., साप्पाटा बाजुरा निवासी श्री बिर बहादुर वि.क.ले प्रति गोटा रु. १ हजारका दरले ६०० छाडा पशु चौपाया पहाडी जिल्ला कालीकोट तथा बाजुरा सम्म लैजाने शर्तमा यस कार्यालयसंग सम्झौता गरि रु. ३ लाख ६० हजार पेश्की लिएकोमा अनुगमन गर्दा सम्झौता बमोजिम शर्त पालना गरेको नदेखिएकोले कार्यालय र बीर बहादुर वि.क. बीच रु. ६ लाखको सम्झौता भएको भएता पनि बिर बहादुर वि.क.को नाममा रहेको पेश्की नियमानुसार फछ्र्यौट गरी थप रकम नदिने निर्णय गरियो ।

**निर्णय नं. ७ :**
गोदावरी नगरपालिकाको वा.नं. २ मा रहेको ईलाका प्रहरी कार्यालय, मालाखेतीको जुनियर प्रहरी अधिकृतहरुका लागी मेस नभएकोले सो निर्माणका लागी यस कार्यालयसँग सहयोग माँग भई आएको हुँदा मेस निर्माणका लागी १ लाख १० हजार रकम विनियोजन गरि सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :**
नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट) को सातौं राष्ट्रिय महाधिवेशन सुदृढ लोकतन्त्र र समृद्ध श्रमजिवी वर्ग भन्ने मुल नाराका साथ ४६ देशका प्रतिनिधीहरुको सहभागितामा यही चैत्र १४ गते देखि १७ गतेसम्म काठमाण्डौमा आयोजना हुने महाधिवेशनको सफलतापूर्वक सम्पन्न हुने शुभेच्छा सहित रु. ५० हजार सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :**
गोदावरी नगरपालिकाको चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक नगर विकास योजनाको अनुसूची ३ को भौतिक पूर्वाधार विकास योजना अन्तर्गत बुदा नं. १२ को विभिन्न वडामा खानेपानी योजना शिर्षकमा रु. ६० लाख विनियोजन भएकोमा उक्त शिर्षकबाट वडा नं. ४, ७, ११ र १२ अन्तर्गतका नयाँ, पुराना र अधुरा १/१ वटा ठूला योजना छनौट गर्ने र बाँकी रहेको ५ लाख रकमबाट अनुगमन गरि माँगको आधारमा नगर प्रमुखज्यूले कार्यान्वयनका लागी कार्यालयलाई आदेश दिने निर्णय गरियो ।

**निर्णय नं. १० :**
गोदावरी नगरपालिकाको चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक नगर विकास योजनाको अनुसूची ३ को भौतिक पूर्वाधार विकास योजना अन्तर्गत बुदा नं. ११ को विभिन्न वडामा नयाँ तथा पुराना सिंचाई योजना शिर्षकमा रु. ५० लाख विनियोजन भएकोमा यस कार्यालयमा माँग भई आएका योजनाहरुको अनुगमन गरि सो पश्चात रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ :**
धनगढीमा आयोजना भएको प्रधानमन्त्री राष्ट्रिय महिला क्रिकेट प्रतियोगिताका लागी रु. ५० हजार सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :**
गोदावरी नगरपालिका भित्रका स-साना मुद्दाहरु न्यायिक समितिमा नआई वडा स्तरिय मेलमिलाप समिति मार्फत मेलमिलाप गराउनु पर्ने भएको हुँदा वडा स्तरिय मेलमिलाप समितिलाई एउटा मुद्दामा मेलमिलाप गराएबापत सम्बन्धित वडाको सिफारिशमा रु. ६००।- खाना/खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३ :**
नेपालको संविधान, २०७२ को धारा २१७ ले गरेको ब्यवस्था अनुरुप यस नगरपालिकामा उप-प्रमुख ज्यूको अध्यक्षतामा न्यायिक समिति गठन भई सकेको र अहिले उक्त समितिमा मुद्दाहरु आई फछ्र्यौट हुने कार्य पनि भईरहेको हुँदा समितिमा कर्मचारी अभावका कारण मुद्धाको अभिलेख राख्न, दर्ता चलानी गर्न निकै समस्या भई रहेकोले न्यायिक समितिको दैनिक कार्य संचालनमा सहजताका लागी गोदावरी नगरपालिका वा.नं. ५ बस्ने श्री

गिता बोहरालाई शैक्षिक योग्यताको प्रमाणपत्र लिई सहायक स्तर चौथो स्तरको पारिश्रमिक पाउने गरि मासिक ज्यालादारीमा काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं. १४ :**

गोदावरी नगरपालिकाको चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक नगर विकास योजनाको अनुसूची ३ को भौतिक पूर्वाधार विकास योजना अन्तर्गत बुदा नं. १९ को धार्मिक स्थान तथा मठ मन्दिरहरुको पूर्वाधार विकास शिर्षकमा रु. ३० लाख विनियोजन भएकोमा हाललाई देहाय बमोजिमका योजनाहरुमा रकम विनियोजन गरि कार्यान्वयन प्रक्रिया अगाडी बढाउने र बाँकी रहेको ७ लाख रकममा अनुगमन गरि माँगको आधारमा नगर प्रमुखज्यूले कार्यान्वयनका लागी कार्यालयलाई आदेश दिने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | गोदावरी हनुमान मन्दिरको रामदरवार मन्दिर निर्माण | वा.नं. ४, चुनेपानी | १५,००,०००।- |
| २ | ग्वाँसी र समैजी मन्दिरका लागी विद्युत पोल र खानेपानी | वा.नं. १२ | ५,००,०००।- |
| ३ | अत्तरियाको दुर्गा मन्दिरमा भौतिक पूर्वाधार निर्माण | वा.नं. १ | ३,००,०००।- |

**निर्णय नं. १५ :**

गोदावरी नगरपालिकाको चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक नगर विकास योजनाको अनुसूची ३ को शिक्षा, खेलकुद र युवा विकास अन्तर्गत सामुदायिक अध्ययन केन्द्रको विकासका लागि रु. १ लाख विनियोजन भएकोमा गोदावरी नगरपालिकाको केन्द्रबिन्दमा अवस्थित सामुदायिक प्रतिभा पुस्तकालयलाई E-Library स्थापनाको रु. २ लाख थप गरी ३ लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :**

गोदावरी नगरपालिकाको चालु आ.व. ०७४/७५ का लागी स्वीकृत वार्षिक नगर विकास योजनाको अनुसूची ३ को शिक्षा, खेलकुद र युवा विकास अन्तर्गत बुदा नं. ७ मा वडामा २ वटा पुस्तकालय स्थापनाका लागि रु. १ लाख विनियोजन भएकोमा पुस्तकालयको विकास र स्तर सुधारका लागी देहाय बमोजिमका योजनाहरु छनौट गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | ठेगाना | रकम |
|---|---|---|---|
| १ | जनचेतना सामुदायिक पुस्तकालय | वा.नं. ७ र ८ | ५०,०००।- |
| २ | सामुदायिक पुस्तकालय | वा.नं. ११ र १२ | ५०,०००।- |

**निर्णय नं. १७ :**

सांस्कृतिक संस्थान राष्ट्रिय नाचघर, काठमाण्डौको आ.व. ०७४/७५ को कार्यक्रम अनुसार अत्तरियामा १५ दिने नाट्य कार्यशाला कार्यक्रम आयोजना गरिएको र उक्त कार्यक्रमका लागी स्थानीय व्यवस्थापनको जिम्मेवारी राष्ट्रिय लोक सांस्कृतिक संघ, अत्तरियालाई प्रदान गरिएकोले प्रस्ताव बमोजिमको आवश्यक सहयोगका लागी यस कार्यालयमा निवेदन दिनु भएको हुँदा उक्त कार्यक्रमका लागी राष्ट्रिय लोकसांस्कृतिक संघ, अत्तरियालाई ७५ हजार सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८ :**

कार्यपालिकाको मिति २०७४/६/२७ गतेको निर्णय नं. ३ अनुसार नगरपालिकाको स्वामित्वमा रहेको टिप्पर नगरपालिकाबाट छनौट भएका योजनामा प्रयोग गर्दा ईन्धन सहित प्रति टिप्पर १,०००।- भाडा तोकिएकोमा उक्त दरमा ईन्धन लागत र टिप्पर मर्मत सम्भारको खर्च समेत नउठ्ने भएको हुँदा अव उपरान्त ईन्धन सहित प्रति टिप्पर १,५००।- भाडा तोक्ने निर्णय गरियो । साथै जे.सि.बी. र टिपरका चालकलाई काममा खटिएको कार्यादेश बमोजिम प्रतिदिन रु. २५०।- खाजा/खाना वापत उपलब्ध गराउने निर्णय गरियो । साथै सार्वजनिक बिदाको दिन काम गरेमा रु. ३५०।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १९ :**
अपाङ्गताको क्षेत्रमा काम गर्ने गैर सरकार संस्था इम्प्याक्ट नेपालले जनवरी २०१८ देखि २०२२ सम्म यस गोदावरी नगरपालिकामा कान उपचार केन्द्र संचालन गर्ने कार्यक्रम रहेकोले कार्यक्रम संचालनको स्वीकृतीका लागी अनुरोध गरेको हुँदा स्थानीय तहसँग समन्वय गरि उक्त कार्यक्रम संचालनको स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २० :**
गोदावरी नगरपालिका वडा नं. १ स्थित कृषि उपज थोक वजारको जग्गामा नेपाल सरकार कृषि विकास मन्त्रालय अन्तर्गतको साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजनाबाट ६५ प्रतिशत र बाँकी रकम स्थानीय उपभोक्ता तथा नगरपालिका समेतबाट जुटाउने गरी कुल रु. १ करोड ५१ लाखको लागतमा शित भण्डार निर्माण कार्य भैरहेको र प्रथम नगरसभाबाट रु. २० लाख विनियोजन भएकोमा थप रु. २० लाख माग भै आएको हुनाले चालु बर्षको कृषि तथा पशु सेवा तर्फका सम्पन्न हुन नसक्ने कार्यक्रमबाट रु. १०/१० लाख गरी २० लाख शित भण्डारका लागि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २१ :**
नगरपालिकाको प्रथम नगरसभाबाट अत्तरिया पार्क व्यवस्थापनका लागि रु. ५ लाख रकम विनियोजन भएकोमा उक्त रकमबाट वडा नं. १ को ट्राफिक कार्यालय भन्दा दक्षिण तर्फको खुला क्षेत्रलाई पार्कको रुपमा विकास गर्नेगरी संरक्षण र विकासको कार्य अगाडी बढाउन नगरपालिकाबाट दरभाउ पत्र लिई काम गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :**
गोदावरी नगरपालिकाको नगर प्रहरीमा कार्यरत श्री अम्मर बहादुर भाटलाई पोशाक भत्ता बापत रु. ७५००।– उपलब्ध गराउने निर्णय गरियो ।